लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## पत्रकारीता विषय अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यविधि, २०८१

**प्रस्तावनाः** लुम्बिनी प्रदेशमा स्थायी रुपमा बसोबास रही सामुदायिक तथा सरकारी विद्यालयमा पत्रकारीता विषय लिई अध्ययन गर्ने महिला, आदिवासी/जनजाती, दलित, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, विपन्न विद्यार्थीलाई प्रोत्साहन स्वरुप छात्रवृति उपलब्ध गराउने उद्देश्य बमोजिम लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट क्रियाकलाप कोड २.७.१३.२ मा समावेश भएको पत्रकारिता विषयमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रवृति कार्यक्रमलाई स्वच्छ, परिणाममुखी, प्रतिस्पर्धी बनाउन वाञ्छनिय भएकोले,

प्रदेश विनियोजन ऐन २०८१ को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधी बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"पत्रकारीता विषय अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"छात्रवृत्ति"** भन्नाले यस कार्यविधि बमोजिम पत्रकारिता विषयमा अध्ययनरत महिला, आदिवासी/जनजाती, दलित, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, विपन्न विद्यार्थीलाई प्रदान गरीने छात्रवृत्ति सम्झनु पर्छ।

(ख) **"छनोट समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(घ) **"विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट मान्यता प्राप्त भएका गैर नाफामूलक रुपमा पत्रकारिता विषय अध्यापन गराउने सामुदायिक वा सरकारी विद्यालय वा क्याम्पस सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालय समेतलाई जनाउँछ।

रेखा कँडेल
प्रदेश सचिव

परिच्छेद-२

## छात्रवृत्तिका प्रक्रिया, आधार तथा मूल्याङ्कन

३. **छात्रवृतिको प्रक्रिया**: (१) यस कार्यविधि बमोजिमको छात्रवृतिको लागि आवेदन आह्वान गर्न मन्त्रालयले आफ्नो वेबसाइड र राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात् विद्यार्थीले मन्त्रालयमा देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछः-

(क) नागरिकता वा राष्ट्रिय परिचयपत्र/परिचयपत्रको नम्बर खुल्ने कागजात र नाबालकको हकमा नाबालक परिचय पत्र,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ग) आदिवासी/जनजाती, दलित, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, विपन्न वर्ग भित्र पर्ने विधार्थी भए सो सम्बन्धमा सम्बन्धित निकायबाट जारी भएको सिफारिस पत्र,

(घ) सम्बन्धित विद्यार्थीको बैंक खाताको विवरण, नाबालकको हकमा निजको नजिकको हकवालाको बैंक खाताको विवरण,

(ङ) सूचनामा तोकिएका अन्य कागजातहरु ।

(३) उपदफा (२) बमोजिम आवेदन संकलन भएपश्चात मन्त्रालयले संकलित आवेदन तथा संलग्न कागजातलाई आवश्यक जाँचबुझ तथा मुल्यांकन गरी छात्रवृत्तिको लागी छनोट गर्न छनोट समिति समक्ष पेश गर्नेछ ।

४. **छनोट समितिः** (१) यस कार्यविधि बमोजिम प्राप्त निवेदन तथा कागजातहरुलाई अध्ययन तथा रुजु गरी छात्रवृत्तिको लागी छनोट गर्न मन्त्रालयमा देहाय बमोजिमका सदस्यहरु रहने गरी एक छनोट समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) महाशाखा प्रमुख (सञ्चार हेर्ने), मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य



रेखा कँडेल
प्रदेश सचिव

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) कानून अधिकृत, मन्त्रालय - सदस्य

(च) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(छ) शाखा प्रमुख, सञ्चार शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आफ्नो कार्यको सहजीकरणको लागि सम्बन्धित विषय वा क्षेत्रका व्यक्ति तथा मन्त्रालयको कर्मचारीलाई आमन्त्रण गरी कार्य सम्पादन गर्न सक्नेछ।

(३) समितिका सदस्यले कार्यालय समय बाहिर बसी कार्य सम्पादन गर्दा "**सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९**" बमोजिमको बैठक भत्ता पाउनेछन ।

(४) बहुमत सदस्य संख्या उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>छनोट समितिको काम, कर्तव्य र अधिकार</u>ः यस कार्यविधिको अन्य व्यवस्थामा उल्लेख भएका काम कर्तव्य र अधिकारका अतिरिक्त छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) स्वीकृत बजेटको परिधिभित्र रहि प्रति विद्यार्थीलाई प्रदान गरीने छात्रवृत्ति कोटा निर्धारण गर्ने,

(ख) प्राप्त निवेदन तथा संलग्न कागजातहरुको जाँचबुझ गरी छात्रवृत्तिको लागी छनोट गर्न,

(ग) छात्रवृत्ति वितरण प्रक्रियामा कुनै बाधा उत्पन्न भएमा कार्यविधि र सर्वोत्तम हितका आधारमा समाधान गर्ने,

(घ) छात्रवृत्ति वितरण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गर्न लगाउने।

६. <u>छात्रवृत्ति प्रदानका शर्तहरुः</u> समितिले यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागी छनोट गर्दा देहाय बमोजिमको शर्तहरु पुरा गर्नु पर्नेछः-

(क) लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास भई पत्रकारीता विषय लिई कक्षा ११, १२, स्नातक वा स्नात्तकोत्तर तहमा अध्ययन गरेको हुनुपर्ने,

**रेखा कँडेल**
**प्रदेश सचिव**

(ख) जुन तहमा हाल अध्ययन गरिरहेको हो सो तहको वर्ष (Year level/ Semester level ) का लागि मात्र छात्रवृति प्रदान गरिने,

(ग) छात्रवृत्ति प्राप्त गर्नको लागि जुन तहको अध्ययनको छात्रवृत्तिको लागि आवेदन दिएको हो सो भन्दा एक तह मूनिको पढाई (Year level /Semester) उत्तिर्ण भएको हुनु पर्ने,

(घ) जुन तहको अध्ययनको छात्रवृत्तिको लागि आवेदन दिएको हो सो तहमा अध्ययनरत विद्यालय वा अन्य निकाय/संस्थाबाट छात्रवृत्ति नलिएको हुनुपर्ने (विद्यालयको हकमा विद्यालयबाट छात्रवृति नलिएको सिफारिस र अन्यको हकमा स्वघोषणा गर्नुपर्ने),

(ङ) अनुसूची-२ बमोजिमको कबुलियतनामा गरेको हुनुपर्ने।

७. <u>छात्रवृत्तिको प्राथमिकता, मूल्याङ्कन र छनोटः</u> (१) यस कार्यविधीमा उल्लेखित अन्य आधारका अतिरिक्त समितिले अनुसूची-३ मा उल्लिखित आधार बमोजिम आवेदन परेका विद्यार्थीलाई छात्रवृद्धिको लागि छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि छनोट गरेपश्चात मन्त्रालयले छनोट भएका विद्यार्थीको विवरण आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ र यसरी विवरण प्रकाशन भएपश्चात सो सम्बन्धमा कसैलाई चित्त नबुझेमा आधार र कारण खुलाई विवरण प्रकाशन भएको सात दिनभित्र मन्त्रालयमा दाबी विरोध पेश गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम दाबी विरोध परेमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक कारबाहीको लागि ५ दिन भित्र नयाँ सुचना प्रकाशन गर्नेछ र दाबी विरोध नपरेमा पहिले प्रकाशन भएको विवरण बमोजिम छात्रवृत्ति प्रदान गर्नेछ।

८. <u>छात्रवृत्ति रकम, निकासा र प्रक्रिया</u> (१) दफा ७ बमोजिम छात्रवृत्तिको लागि छनोट भएका विद्यार्थीलाई देहाय बमोजिमको रकमको सीमा भित्र रही छात्रवृत्तिको रकम उपलब्ध गराइनेछः-

(क) ११ र १२ कक्षाको हकमा पच्चिस हजार रुपैया,

(ख) स्नातक तहको हकमा तीस हजार रुपैंया,

(ग) स्नातकोत्तर तहको हकमा पैंतिस हजार रुपैया।



रेखा कँडेल
प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ती बापतको रकम मन्त्रालयले सम्बन्धित विद्यार्थीले निवेदन साथ पेश गरेको बैंक खातामा जम्मा गर्नेछ।

## परिच्छेद-३

## विविध

९. **प्रशासनिक खर्चको विनियोजन**: समितिको बैठक भत्ता र कार्यक्रम सञ्चालनको लागि आवश्यक गर्ने अन्य भैपरी खर्चको व्यवस्थापन विनियोजित कार्यक्रमबाट गरिनेछ ।

१०. **लेखा तथा लेखापरीक्षण**: यस कार्यविधि बमोजिम भए गरेको खर्चको लेखा र लेखा परीक्षण लेखा प्रणाली अनुसार हुँनेछ।

११. **सरकारी बाँकी सरह असुल उपर गरीने**: छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले यस कार्यविधिमा तोकिएको शर्त विपरीत कार्य गरेमा वा अध्ययन बिचैमा छाडेमा निजलाई प्रदान गरीएको छात्रवृत्ति रकम मन्त्रालयले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

**रेखा कँडेल**
**प्रदेश सचिव**

अनुसूची -१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**छात्रवृत्ति आवेदन फारामको ढाँचा**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
रासी उपत्यका (देउखुरी) नेपाल।

**विषयः छात्रवृत्ति सम्बन्धमा।**

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, रासी उपत्यका (देउखुरी), नेपालको मिति................ को प्रकाशित सूचना बमोजिम पत्रकारीता विषय अध्ययनको लागि प्रदान गरीने छात्रवृत्तिको लागि मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिल बमोजिम खुलाई यो निवेदन पेश गरेको छु।

१. **व्यक्तिगत विवरणः**

(क) नामः

(ख) ठेगानाः

(ग) आमा/बुबाको नामः

(घ) विद्यालयको नामः

(ङ) विद्यालयको प्रकारः सामुदायिक ☐ सरकारी ☐

(च) अध्ययन गरिरहेको तह र संकायः

(छ) अध्ययनरत तह (Year level/Semester) मा अनुर्तिण भए/नभएकोः

(ज) छात्रवृत्ति माग गरेको तहः जस्तैः स्नातक दोस्रो वर्ष

(झ) छात्रवृति लिए/नलिएकोः (स्वघोषणा गर्ने)

२. **शैक्षिक विवरण**

| क्र.सं. | अध्ययन गरेको शैक्षिक संस्था | विषय | उत्तिर्ण साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३.अध्ययन लागत

क) अध्ययन गर्न चाहेको क्याम्पसको वार्षिक कुल पढाई शूल्क (भर्ना, मासिक, प्रयोगात्मक):

४. माथि उल्लेख गरेको व्यहोरा ठिक/साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

रेखा कँडेल
प्रदेश सचिव

निवेदक

नामः

ठेगानाः

दस्तखतः

<u>नोटः निवेदन साथ पेश गर्नु पर्ने कागजातः</u>

१. नागरिकताको प्रतिलिपि,

२. योग्यता प्रमाणित हुने सिफारिस पत्र/प्रमाणपत्र,

३. शैक्षिक योग्यताको प्रमाणपत्र,

४. आदिवासी/जनजाती, दलित, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, विपन्न नागरिक, भए सो सम्बन्धमा सम्बन्धित निकायबाट जारी भएको सिफारिस पत्र

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची -२

(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)

**कबुलियतनामाको ढाँचा**

श्री .............................. को नाति/नातिनी श्री .............................. को छोरा/छोरी जिल्ला ........................ गा.पा. / न.पा. / उ.म.न.पा./ म.न.पा. ........................... वडा. नं. ......... मा स्थायी बसोबास भएको हाल .......................... विद्यालय/क्याम्पस/विश्वविद्यालयमा ..............................................................................विषयमा अध्ययनरत विद्यार्थी म श्री ................................................ (नागरीकता नं.) आन्तरिक मामिला तथा कानून मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालबाट प्रदान गरीने पत्रकारीता विषयमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रवृत्तिमा छनौट भएकोले **पत्रकारीता विषय अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यविधि, २०८१** को शर्तहरुको पूर्ण पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम फिर्ता बुझाउनेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी मन्त्रालयमा बुझाए।

छात्रवृत्ति पाउनेको

दस्तखतः

नामः

सम्पर्क ठेगानाः

इमेलः

मोबाइल नं.:

रेखा कँडेल

प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची -३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**छात्रवृत्ति छनौटका आधारको विस्तृत विवरण**

| छनोटका आधार | जम्मा पूर्णाङ्क (१०० अंक) | अंकको विभाजन | कैफियत |
|---|---|---|---|
| शौक्षिक योग्यता | ४० | विशिष्ट श्रेणी वा GPA ३.६ देखि ४ भएको:४० अंक | |
| | | प्रथम श्रेणी वा GPA ३.२ देखि ३.६ भएको: ३५ अंक | |
| | | द्वितीय श्रेणी वा GPA २.८ देखि ३.२ भएको: ३० अंक | |
| | | तृतिय श्रेणी वा GPA देखि २.० देखि २.८ भएको: २५ अंक | |
| आर्थिक रुपमा विपन्न | २५ | आर्थिक रुपले विपन्न २५ अंक | |
| सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययन गरेको | १० | सरकारी तथा सामुदायिक विद्यालयमा एस.ई.ई वा सो सरहको परिक्षा पास गरेको | |
| पिछाडिएको क्षेत्र | २५ | पिछडिएको क्षेत्र भित्र बसोबास रही सोही क्षेत्रमा एस.ई.ई सम्म अध्ययन गरेको | (स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नु पर्ने) |

रेखा कँडेल
प्रदेश सचिव